**प्रस्ताव ( मिति २०७७।०२।०७, बुधबार)**

१) निमित्त प्रमुख प्रशासकीय अधिकृतको स्वागत
२) भारत लगायत तेस्रो मुलुकबाट भित्रिने व्यक्तिहरूको व्यवस्थापन
३) कोभिड १९ रोकथामको लागी सामाग्री खरिद भएको सामाग्रीको अनुमोदन गर्ने
४) पसल तथा बजार बन्द गर्ने सम्बन्धमा
५) रासन खरिद गर्ने सम्बन्धमा
६) भी.टी.एम (VTM) किट खरिद सम्बन्धमा
७) सवारी चालकको बिमा सम्बन्धमा

**निर्णय नं. १:**

बागचौर नगर कार्यपालिकाको कार्यालय बागचौरमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत जगत बहादुर बस्नेतको यही मिति २०७७ साल वैशाख १७ गते यस नगरपालिकाबाट आठबिस नगरपालिका दैलेखमा सुरुवा भएसँगै यस नगरपालिकामा कार्यरत कर्मचारीहरू मध्ये सिनियर कर्मचारी अधिकृत दसौँ राम बहादुर हमाललाई बागचौर नगरपालिकाको यही मिति २०७७ साल वैशाख २३ गतेको सिफारिसमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७ साल वैशाख २८ गतेको निर्णय अनुसार यस नगरपालिकाबाट सम्पादन गर्नुपर्ने कामकाज गर्ने आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकिएकोले निमित्त प्रमुख प्रशासकीय अधिकृत राम बहादुर हमाललाई स्वागत गरियो ।

**निर्णय नं. २:**

सल्यान जिल्ला बाहिर र भारत लगायत तेस्रो मुलुकबाट भित्रिने व्यक्तिहरुलाई आवश्येकता अनुसार सामुदायिक क्वारेन्टाईनमा राख्ने र त्यसरी राखिएका व्यक्तिहरुलाई स्वाब परिक्षणको नतिजा नआएसम्मको लागी दैनिक खाना बस्न व्यवस्थापन प्रयोजनको लागी प्रति दिन प्रति व्यक्ति हाजिरि र वडाको सिफारिसको आधारले सम्बन्धित वडा सचिवलाई पेश्की स्वरुप रु २०० (अक्षेरुपी दुई सय ) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३:</u>**

कोरोना भाइरस ( कोभिड १९) रोकथामको लागी सामाग्रीहरू थ्री लेयर मास्क रु १० (४०० पिस) , KN 95 मास्क दर रु ३५४ (५० पिस), Infrared Thermometer दर रु ५९३० (७ थान), Hand Sanitizer soul दर रु ४६०( ३० बोतल), PPE Set with face shelter दर रु ३४५० (५ थान),Dettol Hand wash liquid दर रु २०० (२५ बोतल) र Digital Thermometer दर रु २००(२० पिस) गरी जम्मा भ्याट बाहेक रकम रु १३९२६०(अक्षेरुपी एक लाख उनन्चालिस हजार दुई सय साठी भ्याट बाहेक) खरिद भएकोले खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४:</u>**

बागचौर नगरपालिका अन्तरगत संचालित सम्पुर्ण पसल तथा बजार प्रत्येक दिन बिहान ६ बजे देखी ९ बजेसम्म संचालन गर्न दिने र अन्य समयमा बन्द गर्ने गराउने गरी जानकारी सम्प्रेशन गर्ने र सो को अनुगमन सम्बन्धित वडाले गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५:</u>**

यस बागचौर नगरपालिका अन्तरगत १२ वटै वडाहरुमा आवश्येक पर्ने रासन वितरण गर्नको लागी १५०० घर परिवारलाई पुग्ने गरी रासन खरिद गर्नको लागी आवश्येक खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६:</u>**

कोरोना संक्रमण परिक्षणको लागी रु ५ लाख भन्दा मुनिको रकमले भी.टि.एम किटहरु खरिद गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७:</u>**

यस बागचौर नगर कार्यपालिकाको कार्यालयमा र प्राथामिक स्वास्थ्य केन्द्र थारमारेमा कार्यरत सवारी चालकहरुलाई कोरोना संक्रमण भएमा सम्पुर्ण उपचार खर्च र कोरोना संक्रमणको कारण अथवा कोरोना रोकथाममा सवारी चलाउदा दुर्घटना भई मृत्यु भएमा संघीय सरकारले स्थायी कर्मचारीलाई उपलब्ध गराउने बिमा बराबरको रकम यस बागचौर नगरपालिकाले पनि उक्त बिमा उपलब्ध गराउने निर्णय गरियो ।